नेपाल समाचारपत्र



शनिबार राति भएको खेलमा जर्मनीका सेबास्टियन रूडीको नाकमा स्वीडेनका खेलाडीको बुटले दुर्घटनावश लाग्न पुग्दा उनी रगताम्य भएर मैदानबाहिर जानुपरेको थियो। नाकबाट धेरै रगत बगेपछि उनको स्थानमा गुन्डोगानले खेलेका थिए।

मेसीले सन्यास नलिने

मस्को, (एजेन्सी)

रुसमा जारी विश्वकपअन्तर्गत अन्तिम १६ मा पुग्ने योजनामा रहेको अर्जेन्टिनाका कप्तान लियोनेल मेसीले सन्यास नलिने बताएका छन्।

आइतबार ३१औं जन्मदिन मनाएका मेसीले फुटबलको कुनै पनि ठूलो ट्रफी नजितुन्जेल सन्यास नलिने कुरा बताए। मेसीले अर्जेन्टिनामा विश्वकप फर्काउने सपना रहेकाले अहिले नै सन्यास लिने कुनै मनसाय नभएको खुलासा गरे।

मेसीले मिररलाई बताए- 'अर्जेन्टिनाका लागि विश्वकप खास रहेको छ र मेरो लागि पनि। म सधैं विश्वकप उठाएको सपना देखिरहेको छु। यो क्षणबारे मात्र सोचिरहँदा पनि मलाई रोमाञ्चक बनाउँछ। त्यसैले हामीले यो सपना टुट्न दिन हुँदैन।'

मेसीले धेरैजसो महत्त्वपूर्ण प्रतियोगिता जितेको भन्दै बताए- 'मैले प्रायजसो प्रमुख प्रतियोगिता जितेको छु। त्यसैले मैले विश्वकप नलिई सक्रिय फुटबलबाट सन्यास लिन चाहन्न।

यदि यो विश्वकपमा उपाधि जित्न विफल भएमा उनको चाहनाअनुसार २०२२ विश्वकपमा पनि मेसीले खेल्ने पक्का छ। कतारमा हुने विश्वकपमा उनी ३५ वर्षको हुनेछन्।

स्पेनलाई मोरोक्कोको चुनौती

समूह 'बी' अन्तर्गत सोमबार राति तेस्रो चरणको खेलमा स्पेनले मोरोक्कोविरुद्ध खेल्दैछ। यस समूहमा स्पेनले पछिल्ला २ खेलबाट ४ अंक जोडेको छ। अघिल्ला २ खेलमा हार बेहोरेको मोरोक्कोले फितलो प्रदर्शनका कारण २०१० विश्वकप च्याम्पियन स्पेनलाई कडा चुनौती दिन कन्जुस्याइ गर्न सक्नेछ। तसर्थ अन्तिम १६ मा पुग्न स्पेनलाई त्यति गाह्रो नहुन सक्छ। तर खेल हो, यदि हार भएमा भने यसै समूहको इरानविरुद्ध पोर्चुगलको म्याचमा स्पेनको यात्रा निर्भर हुनेछ।

मोरोक्कोविरुद्ध ४-२-३-१ को सम्भावित रणनीतिमा उत्रने स्पेनी टिममा चोटमुक्त बनेका डेनी कार्भाजलले राइट ब्याक सम्हाल्ने छन्। कार्भाजललाई जेरार्ड पिके, सर्जियो रामोस र जोर्डी अल्बाले डिफेन्समा साथ दिनेछन्। यस्तै डिफेन्सिभ मिडफिल्डमा कोके र सर्जियो बुसकेटले जिम्मा पाउनेछन्। यदि स्पेनले इरानविरुद्ध झैं ४-३-३ को रणनीतिमा खेलेमा डिफेन्सिभ मिडफिल्डर कोके दोस्रो हाफमा मैदान प्रवेश गर्न सक्नेछन्।

एट्याकिंग मिडफिल्डमा भने डेभिड सिल्भा, इस्को र आन्द्रेस इनिएस्टा रहनेछन्। जसले जारी विश्वकपमा ३ गोल गरिसकेका स्ट्राइकर डिएगो कोस्टालाई बल उपलब्ध गराउनेछन्। उक्त खेलमा थियागो अलकान्तारा र लुकास भास्क्वेज भने स्थापन्न खेलाडी बन्न सक्नेछन्।

यता पछिल्ला २ खेलमा हार बेहोरेर विश्वकपबाट बाहिरिसकेको मोरोक्कोलाई स्पेनविरुद्धको खेल प्रतिष्ठा जोगाउनका लागि मात्र हुनेछ। पोर्चुगल र इरानसँगको हार अगाडि मोरोक्को १८ खेलमा अपराजित रहेको थियो। स्पेनविरुद्धको खेलमा मोरोक्कोले ४-२-३-१ को रणनीतिमा खेल्ने सम्भावना रहेको छ।

जसअनुसार असरफ हकिमी, मेथी बेनाटिया, मानुएल डी कोस्टा र हेम्जा मेन्डिलले डिफेन्सको जिम्मेवारी सम्हाल्नेछन्। यस्तै डिफेन्सिभ मिडफिल्डरको जिम्मा करिम एल अहमदी र बौसुफाले लिनेछन् भने अट्याकिङ मिडफिल्डको जिम्मा अम्ब्राबाट, योनेस र जियेचले सम्हाल्नेछन्। फरवार्डमा भने खालिब बौटिब हुनेछन्। बौटेबलाई भने अयुब अल काबीले स्थापन्न गर्न सक्नेछन्।

हेड टु हेड

यी दुवै राष्ट्रले सन् १९६२ को विश्वकपका लागि इन्टर-कन्टिनेन्टल प्ले-अफका लागि २ लेगको म्याच खेलेका थिए। उक्त दुवै म्याच स्पेनले क्रमशः १-० ले र ३-२ ले जितेको थियो।

Vs

इरानको पोर्चुगलसँग बदला लिने अवसर

जारी विश्वकपको समूह 'बी' अन्तर्गत तेस्रो चरणको खेलमा वर्तमान युरो च्याम्पियन पोर्चुगल र एसियाली राष्ट्र इरानका लागि महत्त्वपूर्ण खेल बनेको छ। सन् २००६ को विश्वकपमा पोर्चुगलसँग २-० ले हारेको बदला लिने अवसर इरानलाई अहिले मिलेको छ।

जारी विश्वकपको पछिल्ला २ खेलबाट ४ अंक बटुलेको पोर्चुगललाई अन्तिम १६ मा पुग्न इरानविरुद्धको खेलमा बराबरी अथवा जितको नतिजा पर्याप्त हुनेछ। तर पछिल्ला २ खेलबाट ३ अंक मात्र जोडेको इरानका लागि भने अन्तिम १६ मा पुग्न जितको विकल्प नभएको अवस्था छ। यदि इरानले बराबरीको नतिजा मात्र निकाले पनि पोर्चुगलले ५ अंक जोड्दै नकआउट चरणमा पुग्नेछ।

सम्भवतः इरानविरुद्धको खेलमा पोर्चुगलले ४-४-२ को रणनीति लिन सक्नेछ। उक्त खेलमा इरानलाई गोलको आवश्यकता भएकाले बढी जोड काउन्टर अट्याकलाई दिन सक्नेछ। विशेष गरी पोर्चुगलका स्ट्राइकर क्रिस्टियानो रोनाल्डो इरानको सम्भावित ४-५-१ को रणनीतिको विशेष निगरानीमा रहनेछन्। जारी विश्वकपमा ४ गोल गरिसकेका रोनाल्डोले गोल्डन बुटमा आफ्नो दाबेदारीलाई मजबुत पार्न इरानविरुद्ध आक्रामक हुन सक्नेछन्।

यसका लागि बरनार्डो सिल्भा, मौटिन्हो, कार्भाल्हो र ब्रुनो फर्नान्डेजको मिडफिल्डिङमा स्ट्राइकर रोनाल्डोले इरानको रमिन, मजिद, मोर्तेजा र एहसानसहितको रक्षापंक्तिलाई तोड्ने प्रयास गर्नेछन्। यता इरानका स्ट्राइकर सरदार अजमोन र मिडफिल्डर जहानबक्स, मसुद, इब्राहिमी, अमिरी र करिमको समन्वयको काउन्टर अट्याकमा सेड्रिक, पेपे, जोसे फोन्टे र गुरेरोसहितको पोर्चुगिज डिफेन्डरलाई बेला बेलामा हैरान पार्न सक्नेछन्।

हेड टु हेड

यी दुईले एकअर्काविरुद्ध २ पटक खेलेका छन्। जसमा दुवै पटक पोर्चुगल विजयी बनेको छ। पोर्चुगलले सन् १९७२ को इन्डिपेन्डेन्स कपमा र सन् २००६ को विश्वकपमा इरानलाई पराजित गरेको थियो।

Vs

अंक तालिका

समूह 'ए'

टोली	MP	W	D	L	GF	GA	PTS
रुस	२	२	-	-	८	१	६
उरुग्वे	२	२	-	०	२	०	६
इजिप्ट	२	-	-	२	१	४	०
साउदी अरेबिया	२	-	-	२	०	६	०

समूह 'बी'

टोली	MP	W	D	L	GF	GA	PTS
पोर्चुगाल	२	१	१	-	४	३	४
स्पेन	२	१	१	-	४	३	४
इरान	२	१	-	१	१	१	३
मोरोक्को	२	-	-	२	-	२	०

समूह 'सी'

टोली	MP	W	D	L	GF	GA	PTS
फ्रान्स	२	२	-	-	३	१	६
डेनमार्क	२	१	१	-	२	१	४
अस्ट्रेलिया	२	-	१	-	२	३	१
पेरु	२	-	-	२	०	२	०

समूह 'डी'

टोली	MP	W	D	L	GF	GA	PTS
क्रोयसिया	२	२	-	-	५	०	६
नाइजेरिया	२	१	-	१	२	२	३
आइसल्याण्ड	२	-	१	१	१	३	१
अर्जेन्टिना	२	-	१	१	१	४	१

समूह 'ई'

टोली	MP	W	D	L	GF	GA	PTS
ब्राजिल	२	१	१	-	२	०	४
स्विजरल्याण्ड	२	१	१	-	२	०	४
सर्बिया	२	१	-	१	२	२	३
कोस्टारिका	२	-	-	२	०	३	०

समूह 'एफ'

टोली	MP	W	D	L	GF	GA	PTS
मेक्सिको	२	२	-	-	३	१	६
स्वीडेन	२	१	-	१	२	२	३
जर्मनी	२	१	-	१	२	२	३
दक्षिण कोरिया	२	-	-	२	१	३	०

समूह 'जी'

टोली	MP	W	D	L	GF	GA	PTS
बेल्जियम	२	२	-	-	८	२	६
इंग्ल्याण्ड	२	२	-	-	८	२	६
ट्युनिसिया	२	-	-	२	३	७	०
पानामा	२	-	-	२	१	९	०

समूह 'एच'

टोली	MP	W	D	L	GF	GA	PTS
जापान	२	१	१	-	४	३	४
सेनेगल	२	१	१	-	४	३	४
पोल्याण्ड	१	-	-	१	१	२	०
कोलम्बिया	१	-	-	१	१	२	०

आजको खेल

उरुग्वे Vs (ए) रुस

समय : बेलुकी ८:४५ बजे/ स्थान : समारा एरेना, समारा

साउदी अरेबिया Vs (एच) इजिप्ट

समय : राति ८:४५ बजे/ स्थान : भोल्गोग्राड एरेना, भोल्गोग्राड

स्पेन Vs (बी) मोरक्को

समय : राति ११:४५ बजे/ स्थान : कलीनीनग्राड स्टेडियम, कलीनीनग्राड

इरान Vs (बी) पोर्चुगल

समय : राति ११:४५ बजे/ स्थान : मोर्डोभिया एरेना, सारानस्क

(स्रोत : साधना, पूर्णाङ्क : ५५,, विश्वकप विशेषांक १९९८)

विश्वकपमा हिंसा

विश्वकपको पहिलो ऐतिहासिक म्याचमा विवाद भएको थियो। जुलाई १३ मा फ्रान्स र मेक्सिकोबीच भएको खेलमा फ्रान्सका गोलरक्षक एलेक्सको टाउकामा मेक्सिकोका १ जना खेलाडीले चोट पुऱ्याएपछि मैदान छोड्न विवश पाऱ्यो। यसरी नै फ्रान्स र अर्जेन्टिनाबीचको दोस्रो म्याचमा पनि हंगामा भयो।

जब फ्रान्स १ गोलले पछाडि परिरहेको बेला फ्रान्सका खेलाडी लेगिनरले विपक्षीतर्फ गोल गर्न लागेका थिए तर ब्राजिलियन रेफ्री अल्मीडा रिगोले खेल सकिएको सिटी बजाइदियो, जसले गर्दा स्टेडियममा ठूलो होहल्ला भयो किनकी खेल सकिन अझै ३ मिनेट बाँकी थियो।

पछि आयोजकका बीच बचाउले गर्दा जसोतसो बाँकी खेल शुरू गरियो तर त्यति बेलासम्म फ्रान्सका खेलाडीको फूर्ति मरिसकेको थियो। जसले गर्दा फ्रान्सले उक्त म्याच हार्नुपऱ्यो। खेलपछि फ्रान्सेली दर्शकले रेफ्रीलाई जमेर पिटिदिए। अर्जेन्टिना र चिलीबीचको खेलमा त खेलाडीबीच नै एक-आपसमा मारपिट भयो र पुलिसले मैदानमा प्रवेश गरेपछि मात्र झगडा साम्य भएको थियो। यस म्याचमा अर्जेन्टिना ३-१ ले विजयी भएको थियो।

हुँदाहुँदा विवादको क्रम फाइनलसम्म पनि कायम रह्यो। जुलाई ३० मा अर्जेन्टिना र उरुग्वेबीचको फाइनल खेल शुरू हुन अघि 'बल' को बारेमा लिएर २ राष्ट्रबीच विवाद उत्पन्न भएको थियो। अर्जेन्टिनाले उरूग्वेमा बनेको बलबाट खेल्न अस्वीकार गऱ्यो भने उरूग्वेले पनि अर्जेन्टिनाको बलबाट नखेल्ने धम्की दियो।

अन्ततः बेल्जियमका रेफ्री जोन लेन्गेसनले टसद्वारा कुन देशको बलबाट पहिलो हाफमा खेल्ने निर्णय गऱ्यो, जसमा अर्जेन्टिनाले टस जित्यो र खेलको पहिलो हाफ अर्जेन्टिनाको बलबाट खेलियो। गुलेर्मो स्टेबिलले गोल गरेर अर्जेन्टिना २-१ ले अगाडि परेपछि खेल बीचैमा रोकियो। उरुग्वेका खेलाडीका भनाइमा गोल गर्दा स्टेबिल अफसाइड थियो। तर पछि पुनः खेल शुरू गरियो।

दोस्रो हाफको खेलमा उरुग्वेले आफ्नो देशमा बनेको बलबाट खेलेर विश्वकप विजेता बन्न सफल भयो। जहाँ उरुग्वेले जितको उपलक्ष्यमा पुरै देशमा विदा दियो भने अर्कोतिर अर्जेन्टिनाको ब्यूनस आयर्समा अवस्थित उरुग्वेको राजदूतावास जलाउने कोशिस गरियो। जसले गर्दा २ देशबीच यति धेरै तनाव बढ्यो कि एक-आपसमा सम्बन्ध नै विच्छेद हुन गयो।

गलत सेलिब्रेसन महँगो पऱ्यो

लन्डन, (एजेन्सी)

स्विट्जरल्याण्डलाई जित दिलाएका २ खेलाडी ग्रानिट जाका र जेर्डान साकिरीलाई गलत तरिकाले खुसीयाली मनाएकामा २ खेल प्रतिबन्ध लगाइएको छ।

सर्बियाविरुद्ध १-० ले पछि परेको अवस्थामा जाका र साकिरीले गोल गर्दै स्वीस टोलीको जित सुनिश्चित गरेका थिए। उनीहरूले गोलको खुसी मनाउँदा अल्बानियाको झण्डामा अंकित २ चीलको आकार हातले देखाएका थिए। उनीहरू सर्बियाली समर्थकको अगाडि यस्तो खुसी मनाउन पुगेका थिए। यससम्बन्धी फुटबलको सर्वोच्च निकाय फिफाले अनुसन्धान गर्दा उनीहरूले राजनीतिकतर्फ नियम तोडेको र आक्रामक सन्देश दिलाएको थियो। यी दुवै स्वीस खेलाडी मूलतः अल्बानियान हुन्। सर्बियाले अल्बानियानलाई नाटो सेनाको हस्तक्षेपमा सन् १९९९ मा थिचोमिचो गरेका थिए।

फिफाको अनुशासन धारा-५४ अन्तर्गत कसैले खेल दौरानमा आम नागरिकलाई जिस्क्याएको छ भने ती खेलाडीलाई २ खेलका लागि निलम्बन गर्ने नियम रहेको छ। साथै कम्तीमा ५ हजार स्वीस फ्रेन्क्स पनि तिराउने प्रावधान रहेको छ। यो निलम्बनसँगै जाका र साकिरीले समूह 'ई' अन्तर्गत कोस्टारिकाविरुद्ध खेल्न पाउने छैनन्। यदि समूह पार भएमा उनीहरू स्विट्जरल्याण्डका लागि अन्तिम १६ मा उपलब्ध हुने छैनन्।

जाकाका बुबालाई तत्कालीन युगोस्लाभियामा साढे ३ वर्ष जेलमा राखिएको थियो। त्यस्तै साकिरी युगोस्लाभियामा जन्मेका थिए। उनी बाल्यकालमै स्विट्जरल्याण्डमा बसाइ सरेका थिए। साकिरीको एउटा बुटमा समेत कोसोभोको झण्डा अंकित गरिएको थियो।